नागरिक लगानी कोषको प्रकाशन

द.नं.जि.का. ४८/०६६/०६७

# लगानी कोष समाचार

नेपालको समृद्धिको सहयात्री

CIT Newsletter

वर्ष १५ | अंक २५ | २०८० चैत्र

## लगानी नीति परिमार्जनलाई प्राथमिकता

प्रा. डा. सूर्यबहादुर थापा
अध्यक्ष, नागरिक लगानी कोष



**कोषको वर्तमान अवस्था कस्तो छ ?**

नागरिक लगानी कोष ऐन, २०४७ अनुसार स्थापित कोषले आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गरी पुँजी वृद्धिको माध्यमबाट लगानीका अवसर बढाई पुँजी बजारको विकास गराउने जस्ता उद्देश्य राखेको छ । कोषले बचत संकलन, पुँजी बजार सेवा र लगानी व्यवस्थापन लगायतका क्षेत्रमा काम गरिरहेको छ । बचतलाई उपयोग गर्दै उक्त रकम देश विकासका काममा कसरी लगाउन सकिन्छ भन्ने उद्देश्यबाट कोष अभिप्रेरित छ । कोषमा नेपाल सरकारको २३.३४ प्रतिशत, राष्ट्रिय बिमा संस्थानको ३१.५५ प्रतिशत, नेपाल स्टक एक्स्चेन्जको १० प्रतिशत, अन्य बैंक तथा वित्तीय संस्थाको १५.११ प्रतिशत र सर्वसाधारणको २० प्रतिशत सेयर रहेको छ ।

चालु आर्थिक वर्षको पुस मसान्तसम्म कोषले २ खर्ब ४० अर्ब ५१ करोड रूपैयाँ संकलन गरेको छ भने २ खर्ब ३५ अर्ब ५ करोड रूपैयाँ लगानी ऋणपत्र, मुद्दति निक्षेप, समयकालिन कर्जा, सेयर-धितोपत्र एवं आवास कर्जामा गरेको छ ।

**कोष व्यवस्थापन विनियमावली सम्बन्धमा सञ्चालक समितिमा के भैरहेको छ ?**

लामो समयदेखि कर्मचारी विनियमावली परिमार्जन हुन नसक्दा कर्मचारीको बढुवादेखि वृत्ति विकासमा समेत समस्या देखिएपछि केही समय अघि नागरिक लगानी कोष कर्मचारी सेवा शर्त सम्बन्धी आन्तरिक (सातौं संसोधन), नियमावली, २०४८ अनुसार आन्तरिक र खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति भइसकेको छ ।

(बाँकी पृष्ठ २ मा)

## नवनियुक्त कार्यकारी निर्देशक कार्कीबाट पदभार ग्रहण



**ना.ल.कोष** । नेपाल सरकार मन्त्रीपरिषद्को २०८० माघ ३ गतेको निर्णयले कोषको कार्यकारी निर्देशकमा नियुक्त हुनुभएका श्री पर्वत कुमार कार्कीले गत माघ ७ गते कोषमा कार्यभार सम्हाल्नु भयो । उहाँ नेपाल राष्ट्र बैंकमा तीस वर्ष सेवा पुरा गरी कार्यकारी निर्देशक पदबाट सेवा निवृत हुनुभएको हो । कार्कीले साबिकको ग्रामीण विकास बैंकको प्रमुख कार्यकारी अधिकृत र किसान लघुवित्त वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको रूपमा समेत कार्य गर्नु भएको थियो ।

पदभार ग्रहण पश्चात् आयोजना गरिएको परिचयात्मक कार्यक्रममा उहाँले कोषको नेटवर्क नेपालीहरूको प्रमुख रोजगार गन्तव्य मुलुकमा समेत विस्तार गर्न आवश्यक रहेको बताउनुभयो । कार्कीले मुलुकको अर्थतन्त्र रेमिटेन्स मुखी हुँदै गएको, हाल करिब १४४ देशमा नेपाली युवाहरू कामको खोजीमा पुगेका, ठूलो संख्यामा मलेसिया तथा खाडीका मुलुकमा वैदेशिक रोजगारमा जाने तथ्यांक भएको बताउनुभयो । पछिल्लो समय खाडी र मलेसियाबाट रोजगारी कोरिया तथा युरोपतर्फ पनि मोडिन थालेको पाइन्छ । स्वदेशमा रोजगारीको अवसर नपाएर बेरोजगार भएका युवा विदेसिने गरेकोतर्फ संकेत गर्दै कार्यकारी निर्देशक कार्कीले भन्नुभयो,'युवा पलायनको मुख्य कारण बेरोजगारी, सहज जीवनयापन गर्ने वातावरण नहुनु, थोरै कमाइ र गरिबी लगायतलाई मान्न सकिन्छ ।'

काम अभावले मात्र नभई थप अवसरको खोजीमा समेत विदेशिने क्रम बढ्न थालेको भन्दै उहाँले त्यस्ता जनशक्तिलाई लक्षित गरेर कोषले नयाँ कार्यक्रमहरू ल्याउन सकेमा अहिलेको प्रतिस्पर्धी बजारमा कोष अन्य संस्थाभन्दा माथि पुग्ने बताउनुभयो । यसैगरी ठूलो संख्यामा वैदेशिक रोजगारीमा भएका नेपाली नागरिकहरूलाई कोषको कार्यक्रममा ल्याउनु पर्ने खाँचो उहाँले औंल्याउनुभयो । बढी रेमिटेन्स आउने मुलुकमा आजको भोलि नभए पनि अध्ययन गरेर कोषको नेटवर्क विस्तारका लागि काम गर्न सकिन्छ । त्यसको लागि लाभ लागत हेरेर काम गर्नु पर्ने धारणा उहाँले राख्नुभयो । कुनै पनि संस्थाको कार्यकारी प्रमुख भनेको त्यस संस्थाका सबै कर्मचारीको अभिभावक हो । त्यसैले कार्यकारी प्रमुखले संस्थाका कर्मचारीहरूको वृत्ति विकासमा ध्यान दिई कर्मचारीहरूको मनोबल उच्च पारि संस्थागत उद्देश्य एवं लक्ष्य प्राप्तिमा प्रभावकारी ढंगले काम गर्ने वातावरण सिर्जना गर्नुपर्ने हुँदा सो दायित्व निर्वाह गर्न आफू प्रतिबद्ध रहेको उहाँले बताउनुभयो ।

कोष वित्तीय प्रणालीकै अंग भएको र आफूले विगतमा फाइनान्सियल सिष्टममै कार्य गरेकोले आफ्नो अनुभव कोषको उच्चतम हितमा प्रयोग गर्ने कार्कीले बताउनुभयो ।

(बाँकी पृष्ठ ३ मा)

लगानी नीति........

परिमार्जन हुन नसकेको विनियमावलीको अहिले अध्ययन भैरहेको छ । यसले कर्मचारीमा अहिलेसम्म देखिएको अन्योलता हटाइ नयाँ मार्ग प्रशस्त गर्ने छ । मानव संसाधनलाई पहिलो प्राथमिकता दिएर कोषमा देखिएको समस्या हटाउनुपर्छ भनेर हामी लागिरहेका छौं ।

**कोषलाई अग्रगति दिन तपाईंसँग के कस्ता नयाँ योजना छन् ?**

वित्तीय सुशासन कायम गर्ने कुरालाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेका छौं । सुशासन र मितव्ययिता कायम गर्ने प्रयत्न गरिएको छ । यसलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछौं ।

कोषको आयव्ययमा पारदर्शिता कायम गर्दै कोषको काम कारबाही दुरूस्त गर्ने कुरालाई प्राथमिकतासाथ अगाडि बढाउनेछौं । कोषले हालै लागु गरेको लगानी नीतिलाई पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र आवश्यकता अनुरूप समयसापेक्ष सुधार गर्दै लैजानेछौं । कोषले सञ्चालनमा ल्याएको सूचना प्रविधि प्रणालीलाई समय सापेक्ष बनाउनु पर्ने खाँचो देखिएकोले त्यसतर्फ पनि कार्य भइरहेको छ ।

सरकारको नीतिगत परिवर्तनको कारण कोषले गरिरहेका केही कामहरु अर्को संस्थामा गएका छन् । यसको परिपूर्तिका लागि अन्य योजना ल्याउनेतर्फ अध्ययन भैरहेको छ । कोषले गर्ने मुख्य प्राथमिक कार्यहरूलाई सम्पादन गर्नु पर्ने देखिएको छ । कोषको ऐनमा धितोपत्र दलालको कार्य गर्ने, पुँजीबजार विकासका लागि आवश्यक कार्य गर्ने भन्ने उल्लेख छ । तर, हामी त्यसतर्फ खरो रूपमा उत्रन सकेका छैनौं । आगामी दिनमा यी कार्य सम्पादन गर्नेतर्फ सुव्यवस्थित रूपमा अगाडि बढ्ने योजना बनाएका छौं । सोही अनुसार नागरिक स्टक डिलर कम्पनी सञ्चालनमा आइसकेको छ । यसको अलावा वर्तमान सन्दर्भमा कोषको व्यवसायिक योजना बनाएर यसैका आधारमा आगामी दिनमा अघि बढ्ने सोचमा छौं ।

**एउटा अर्थशास्त्रीको हिसाबले देशको अर्थतन्त्रलाई कसरी हेर्नुभएको छ ?**

नेपालको संविधान २०७२ अनुसार देशको संघीय प्रणाली लागु भएको छ । तीनै तहका सरकारहरु क्रियाशील छन् । चालु आर्थिक वर्षमा सरकारले ६ प्रतिशतको आर्थिक वृदिदर हासिल हुने लक्ष्य लिएको छ भने मुद्रास्फीति ६.५ प्रतिशतमा सीमित रहने उल्लेख छ । उक्त लक्ष्य हासिल गर्नको लागि सबै आर्थिक सुचकांक सकारात्मक हुनुपर्छ ।

अहिले रेमिटेन्सको अवस्था सुधारोन्मुख रहेको छ । नेपाल राष्ट्र बैंकद्वारा प्रकाशित तथ्यांक अनुसार ६ महिनामा विप्रेषण आप्रवाह २५.३ प्रतिशतले वृद्धि भई ७ खर्ब ३३ अर्ब पुगेको छ । ६ महिनामा ७ खर्ब बढी रेमिटेन्स आउनु भनेको सकारात्मक पक्ष हो ।

यति हुँदा हुँदै पनि अर्थतन्त्रमा केही कमजोर पक्ष पनि रहेका छन् । पेट्रोलियम पदार्थ, फलाम, विलासिताका सामान, खाद्यान्नको उच्च आयातका कारणले चालु आबको माघ मसान्तसम्म ८ खर्ब ११ अर्ब बढी व्यापार घाटा भएको छ । सात महिने अवधिमा मुलुकले नौ खर्ब ८४ अर्ब ७७ करोडको वैदेशिक व्यापार गर्दा आठ खर्ब ९७ अर्ब ९४ करोड रूपैयाँ बराबरको आयात भएको छ भने ८६ अर्ब ८३ करोड रूपैयाँ बराबरको मात्रै निर्यात भएको भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकले देखाएको छ ।

फागुन अन्तिम सातासम्म करिव २४ प्रतिशत विकास बजेट खर्च भएको महालेखा नियन्त्रक कार्यालयले प्रकाशित गरेको तथ्यांकले देखाएको छ । यद्यपि, प्रदेश तथा स्थानीय सरकारले पनि विकास निर्माणको कार्य गरिरहेको हुँदा समग्रमा विकास खर्चको रकम तथ्यांकमा उल्लेख भएभन्दा बढी हुन सक्छ । यति हुँदा हुँदै पनि लक्षअनुरूप खर्च हुन सकेको छैन । यसरी लक्षअनुरूप खर्च हुन नसक्नुमा हाम्रो देशको संरचनागत समस्याहरु पनि रहेका छन् । दातृ निकायहरूको सहयोग खर्च गर्ने प्रक्रियामा पनि केहि जटिल छन् । विकास आयोजनाहरूमा कर्मचारीहरूको छिटो छिटो सरूवा हुने तथा आयोजना कार्यान्वयनमा कतिपय प्रक्रियागत समस्याहरु पनि रहेका छन् । हाम्रो सार्वजनिक खरिद ऐनमा पनि केही प्रक्रियागत जटिलताहरु विद्यमान छन् ।

# कोष सञ्चालकमा हेरफेर

**ना.ल.कोष ।** नागरिक लगानी कोषको सञ्चालक समितिमा हेरफेर भएको छ । अर्थमन्त्रालयले कोष सञ्चालकमा सह-सचिव उत्तरकुमार खत्रीलाई नियुक्त गरेको छ । यो भन्दाअघि उहाँको ठाउँमा इश्वरी प्रसाद अर्याल हुनुहुन्थ्यो । त्यसै गरी अर्थमन्त्रालयले विज्ञ सञ्चालकमा परशुराम कुँवर क्षेत्रीलाई नियुक्त गरेको छ । यो भन्दाअघि उक्त पदमा डा. गंगाराम विश्वकर्मा हुनुहुन्थ्यो । डा. विश्वकर्माको अवधि समाप्त भएपछि बैकर्स कुँवरलाई अर्थ मन्त्रालयले पठाएको हो । यो भन्दाअघि बैंक तथा वित्तीय संस्थाको तर्फबाट सुरेश प्रसाद खत्री निर्वाचित हुनुभएको थियो । उहाँ आउनुअघि उक्त ठाउँमा कमलेश कुमार अग्रवाल हुनुहुन्थ्यो । त्यसैगरी राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडबाट महेश रिमाल नियुक्त हुनुभएको छ । उहाँ आउनुअघि उक्त ठाउँमा कविप्रसाद पाठक हुनुहुन्थ्यो ।

## कोषको निमित्त कार्यकारी निर्देशकमा श्रेष्ठ



**ना.ल.कोष ।** नागरिक लगानी कोषको निमित्त कार्यकारी निर्देशकको जिम्मेवारी श्री शोभा श्रेष्ठ सुवेदीले लिनुभएको छ । यो भन्दा अघि कार्यकारी निर्देशको रूपमा रहनुभएका रमण नेपाल सेवाबाट निवृत हुनु भएपछि कोष सञ्चालक समितिले श्रेष्ठलाई २०८० मंसिर १ गतेदेखि नि. कार्यकारीको जिम्मेवारी दिएको हो ।

कोषमा उपनिर्देशक पदबाट सेवा गर्नुभएको श्रेष्ठ चार्टड एकाउन्टेन्ड हुनुहुन्छ । उहाँले यो भन्दा अघि कोषको महत्वपूर्ण विभागको जिम्मेवारी सम्हालिसक्नु भएको छ ।



नव नियुक्त ......

कोषलाई सरसर्ति हेर्दा यस्को फण्डको स्रोत बढाउन विशेष कार्य गर्नु पर्ने छ । लगानीको क्षेत्र विस्तार गर्नु पर्ने देखिएको छ । यस कार्यमा अझ सक्रिय रहने उहाँले बताउनुभयो ।

कोषमा एकातर्फ संख्यात्मक रूपमा कर्मचारीहरू कमी रहेको, अर्कोतर्फ कर्मचारी विनियामवली समय सापेक्ष परिमार्जन भई स्वीकृत हुन बाँकी नै रहेकोले कार्यरत कर्मचारीहरूको समेत वृति विकास सम्बन्धमा समस्या रहेको विषयमा आफूलाई बताइएको र त्यस सम्बन्धमा आफ्नो ध्यानाकर्षण भएको बताउनुभयो । यस सन्दर्भमा कोषको संगठनात्मक संरचनाको अध्ययन र अर्गनाइजेशन एण्ड मेनेजमेन्ड (ओ एण्ड एम) सर्भेको प्रतिवेदनको आधारमा थप कार्य गरिने उहाँको भनाइ थियो । कार्कीले सहभागितामूलक व्यवस्थापनका सिद्धान्तलाई आत्मसात् गर्दै आफूले कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नभयो ।

कोषले सामाजिक सूरक्षाको कार्य गर्ने फण्ड संकलनको काम गरिरहेको छ । पेन्सन योजना, उपदान योजनाहरू सामाजिक कल्याणका कार्यक्रमसँग सम्बन्धित छन् । कोषले सहभागीहरूलाई बढी भन्दा बढी प्रतिफल दिने, लगानीकर्तालाई कसरी बढी बोनस र लाभांश दिने भन्नेतर्फ पनि सोचेर कार्य गर्नु पर्दछ । कोषले नेपालको पुँजी बजारको अग्रणी संस्थाको रूपमा समेत कार्य गर्न सक्दछ ।

कोषले पुँजी बजार सम्बन्धी मार्केट मेकर, सेयर निष्कासन तथा बिक्री प्रबन्धक, प्रत्याभूतिलगायतका कार्यका अतिरिक्त पछिल्लो समय पुँजी बजारमा भइरहेको उत्तार चढावलाई पनि व्यवस्थापन गर्ने गरी कार्य गर्नु पर्ने देखिएको कार्यकारी निर्देशक कार्कीले बताउनुभयो । पुँजी बजारलाई स्टेबल बनाउन कोषको भूमिका महत्वपूर्ण रहेको छ । यसका लागि कोषले सहायक कम्पनीको रूपमा नागरिक स्टक डिलर कम्पनी सञ्चालनमा ल्याएको हो भने आफ्नो बुझाइ रहेको उहाँको भनाइ छ ।

कोषमा केही समस्याहरू पनि विद्यमान रहेको आफूले जानकारी पाएको बताउँदै उहाँले त्यस्ता समस्याहरू समाधान गर्न आफूले विशेष ध्यान दिने बताउनुभयो । कोषले प्रयोगमा ल्याएको सफ्टवेयर सिष्टममा केही समस्या रहेको, समयमै हिसाव मिलान नहुने र समयमै वित्तीय विवरण तयार हुन नसकेकालगायतका विद्यमान समस्याहरू रहेको कोषले सार्वजनिक गरेको विवरणबाट आफूले जानकारी पाएको उहाँले बताउनुभयो । यी समस्या समाधानमा आफू दत्तचित्त रहने उहाँको भनाइ छ ।

कार्यकारी निर्देशक कार्कीले भन्नुभयो, 'आजको प्रतिस्पर्धी वातावरणमा हामी प्रभावकारी रूपमा अघि बढ्न सक्नु पर्छ । समयको गतिसँगै प्रविधिमा भएको विकास, पुँजी बजारका विभिन्न औजारहरूमा भएको विकासको सन्दर्भमा नागरिक लगानी कोषका कर्मचारीहरूको दक्षता अभिवृद्धि गर्न उच्च प्राथमिकता दिन आवश्यक छ । यसका अतिरिक्त कोषका सेवालाई विस्तार गर्न एवं नयाँ-नयाँ योजना कार्यान्वयनमा ल्याउन रिसर्च एण्ड डेभलपमेन्टको आवश्यकता समेत देखिएको छ ।' उहाँले कोषको शाखा संरचनालाई केही बढाउनुपर्ने अवस्था समेत देखिएको बताउनुभयो । कम्तीमा सबै प्रदेशमा एक-एक वटा शाखा खोल्न आवश्यक रहेको उहाँको भनाइ छ ।

## युनियन अध्यक्षमा चालिसे र संघमा पौडेल





**ना.ल.कोष ।** नागरिक लगानी कोष कर्मचारी युनियनका अध्यक्षमा सुरेश चालिसे र नेपाल वित्तीय संस्था कर्मचारी संघ, नागरिक लगानी कोषको अध्यक्षमा अच्युतम पौडेल चयन हुनु भएको छ । युनियन र संघको अधिवेशनले नयाँ कार्यसमिति चयन गरेको हो ।

चालिसेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । नयाँ कार्यसमितिको उपाध्यक्षमा नेत्र बिक्रम थापा, महासचिव शंकर अधिकारी, उपमहासचिव उमानाथ भट्टराई, कोषाध्यक्षमा अर्चना घिमिरे चयन हुनुभएको छ ।

सदस्यहरूमा अवधेश मण्डल, जयकिशोर यादव, गोपाल चौधरी, हरिगेन कुमार कामती, पुरूषोत्तम पौडेल, मौसमी राई, रविना श्रेष्ठ रहनु भएका छन् ।

त्यसैगरी पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । नयाँ कार्यसमितिको उपाध्यक्षमा शान्ता ढुंगाना, महासचिवमा सूर्य प्रसाद दहाल, उप महासचिवमा अनिल बस्नेत र कोषाध्यक्षमा विमलेश यादव चयन हुनभएको छ । सदस्यहरूमा प्रदिप अधिकारी, सल्यान के.सी., निशा खतिवडा,रबिन वि.क, प्रकाश गौतम रहनुभएका छन् । त्यसैगरी महिला संयोजकमा मिनाक्षी पन्त र युवा संयोजकमा नरेन्द्र सुनार चयन भएका छन् ।

# कोषका कार्यकारी निर्देशक नेपालको विदाइ



**ना.ल.कोष ।** कोषका कार्यकारी निर्देशक श्री रमण नेपालको विधाइ गरिएको छ । पाँच वर्षको कार्यअवधि पूरा गरेको अवसरमा कोषले उहाँलाई बिधाइ गरेको हो ।

नेपाललाई मंसिर ४ गते बिधाइ गरिएको थियो । उहाँको पाँच वर्षे कार्यकाल २०८० कातिक २४ गते समाप्त भएको हो । बिधाइ कार्यक्रममा पूर्व कार्यकारी निर्देशक नेपालले ऐन, नियम, कानुनले दिएको अधिकारमा रहेर आफूले काम गरेको बताउनुभयो । उनले कोष व्यवस्थापनलाई संस्थाको हितमा बसेर काम गर्नपर्ने सुझाव दिनु भएको थियो ।

सो अवसरमा कोषको निमित्त कार्यकारी निर्देशक श्री शोभा श्रेष्ठ सुवेदीले कोषबाट निवृत भएकोमा बाँकी जीवनको शुभकामान दिदैं कामको अवसरमा आउने जाने क्रम चलिरहने बताउनुभयो । उहाँले पदमा बस्ने व्यक्तिले गर्ने न्याय महत्वपूर्ण हुने बताउँदै नीति निर्माणमा समेटिएको तर व्यवहारमा लागु हुन नसकेको कार्यहरू संस्थागत भावनाले गर्दा पूरा भएको बताउनुभयो ।

भवन निर्माण, सफ्टवेयर निर्माण, नागरिक स्टक डिलर कम्पनी सञ्चालनमा आउनु, शाखा कार्यालय विस्तार हुनु, २०७८/७९ को अडिट सम्पन्न हुनुले कोषको कार्य चुस्त गतिमा भैरहेको देखिएको उहाँको भनाइ थियो । सो अवसरमा नागरिक लगानी कोष कर्मचारी युनियनका अध्यक्ष सुरेश चालिसे ले भौतिक पूर्वाधारको विकास, भवन निर्माण, सिआइटी डिजिटल युगमा प्रवेश गरिसकेको बताउनुभयो । उहाँले एक अर्बको हाराहारीमा रहेको कोषको चुक्ता पुँजी अहिले करिब ५ अर्ब बराबर पुऱ्याउन पूर्व कार्यकारी निर्देशकको पनि योगदान रहेको धारणा राख्नुभयो । साथै उहाँको कार्यकालमा कर्मचारीको वृत्ति विकास नियमित रूपमा हुन नसक्दा कर्मचारीको मनोवल उच्च हुन नसकेको अध्यक्ष चालिसेले बताएका थिए ।

नेपाल वित्तीय संस्था कर्मचारी संघ, नागरिक लगानी कोषका अध्यक्ष अच्युतम पौडेलले पूर्व कार्यकारी निर्देशक नेपालले सामाजिक, आर्थिक रूपान्तरणमा योगदान पुऱ्याएको बताए । उहाँको कायकालमा थप ऊर्जा प्रदान भएकोमा उहाँले जोड दिनु भएको थियो ।

# लगानी कोषको शाखा प्रमुख भेला



**ना.ल.कोष ।** नागरिक लगानी कोषको शाखा प्रमुखहरूको भेला पोखरामा सम्पन्न भएको छ । कास्की शाखाको आयोजनामा प्रदेशका शाखा प्रमुखहरूको एकदिने प्रथम भेला सम्पन्न भएको हो ।

भेलालाई सम्बोधन गर्दै कोष सञ्चालक समिति अध्यक्ष प्रा.डा. सूर्यबहादुर थापाले छलफलमा उठेका एजेण्डाहरू समय सापेक्ष रहेको बताउनुभयो । थापाले कर्मचारीलाई देखिने गरी काम गर्न आग्रह गर्दै कर्मचारीको सेवा सुबिधा पनि बढाउँदै लाने बताउनुभयो । जनशक्तिको कमी हुँदा काम गर्न असहज भएको उहाँले बताउनुभयो । उहाँले सेवाग्राहीलाई छिटो छरितो सेवा दिन आग्रह गर्नुभयो ।

कोषका तत्कालिन कार्यकारी निर्देशक रमण नेपालले एक्लैले गर्छु भनेर कुनै काम सम्भव नभएको बताउदै टिमवर्कमा गरेको कामले पूर्णता पाउने बताउनुभयो । उहाँले पोखरा शाखाले कार्यक्रम आयोजना गरेर राम्रो कामको सुरुवात गरेको भन्दै आगामी दिनमा प्रत्येक शाखालाई निरन्तरता दिन आग्रह गर्नुभयो । उहाँले आगामी वर्षदेखी केन्द्रीय कार्यालयले बजेट आउनुअघि प्रत्येक शाखा प्रमुखहरूलाई छलफलमा सहभागी गराउने बताउनुभयो । पुरानो शाखाको आधारमा प्रत्येक वर्ष एउटा शाखाले कार्यक्रम आयोजना गर्ने नीति नै बनाएर अगाडि बढ्नु पर्ने बताउनुभयो । समयको माग अनुसार प्रविधिको प्रयोग गर्दै हाले अनलाईन सफ्टवेयर सुरू गरिएको नेपालले बताउनुभयो ।

कार्यक्रममा पोखरा शाखा कार्यालय प्रमुख नवराज गौतम, सुर्खेत शाखा प्रमुख प्रविण राई, बुटवल शाखा प्रमुख जय प्रकाश साह, अत्तरिया शाखा प्रमुख जीवनराज जोशी, बिराटनगर शाखा प्रमुख हिरामणी खतिवडाले लगानी कोषमा कार्यरत कर्मचारीको क्षमता बिकास गर्न तालिम, गोष्ठीलगायत कार्यक्रमहरू गर्नु पर्नेमा जोड दिनुभयो । देश संघीय संरचनामा गइसकेकाले शाखा कार्यालयहरूलाई प्रादेशिक कार्यालयको मान्यता दिनुपर्ने भन्दै उहाँहरूले आफ्नै भवनबाट सेवा प्रवाह गर्नेतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण समेत गराउनुभयो । भाडाको भवनबाट सेवा दिन समस्या भएको, लगानी गर्न डकुमेन्टेशन गर्ने प्रक्रिया झन्झटिलो भएको सहभागी शाखा प्रमुखहरूको गुनासो थियो । कार्यक्रममा कोषका समस्या, चुनौती र भावी योजनाका बारेमा छलफल गरिएको थियो ।

# सामाजिक सुरक्षा र लगानी कोष



शान्ता ढुंगाना

समाजमा सबै बर्ग, समुदाय, भाषा भाषी, लिंग, धर्मका मानिसहरूले सम्मान पूर्वक बाँच्न पाउने, सामाजिक क्रियाकलापमा सहभागिता हुन पाउने तथा सामाजिक वस्तुको उपयोग गर्न पाउने अवस्थाको सिर्जना नै सामाजिक सुरक्षा हो। यसको अलावा आवास, खाद्यान्न, स्वास्थ्य, शिक्षा रोजगारी जस्ता क्षेत्रमा रहने पहुँच पनि विस्तृत अर्थमा सामाजिक सुरक्षा हो।

सामाजिक सुरक्षाको अवधारण सन १९३७ मा तत्कालीन अमिरेकी राष्ट्रपतिले अघि सारेका हुन। सामाजिक सुरक्षा नागरिक अधिकारको अभिन्न अगं हो। मानव अधिकार विश्वब्यापी घोषणपत्र १९४८ मा समेत यसलाई मुख्य अंगको रूपमा लिएको देखिन्छ। नेपालमा आ.ब.२०५१/५२ को बजेट भाषणमा प्रत्यक्ष रूपमा बृद्धभत्ताको वितरणसँगै प्रत्यक्ष रूपमा सामाजिक सुरक्षा वितरण गरिएको थियो।

यसरी सामान्य अर्थमा सामाजिक सुरक्षा सर्वसाधारणलाई सार्वजनिक कोषबाट दिइने वा उपलब्ध गराइने एक किसिमको आर्थिक सुरक्षा हो। यो एक किसिमको संरक्षण यो जना हो। जसको उद्देश्य कल्याणकारी यो जनामार्फत सुरक्षाको प्रत्याभूति र पहुँचको सुनिश्चितता गर्नु हो।

सीमित स्रोत साधनका कारण राज्यले सबैलाई सबै प्रकारका सामाजिक सुरक्षाको प्रत्याभूति एकसाथ गर्न सक्दैन। यद्यपि सामाजिक सुरक्षाको प्राथमिकता भने निम्न अनुसार निर्धारण गर्न सकिन्छ।

सामाजिक सुरक्षा कर
जोखिममा परेका व्यक्तिहरू
बालबालिका
वृद्ध,वृद्धा
अपांग
आर्थिक, सामाजिक रूपमा पछि परेका वर्ग
समुदाय
महिला
आम नागरिक

**सामाजिक सुरक्षाका माध्यमहरू**

**सामाजिक सुरक्षा संकेतः** सामाजिक सुरक्षा संकेत कार्डद्धारा सामाजिक सुरक्षाका क्षेत्र तोकिन्छ। भारतको रासन कार्ड प्रणाली सामाजिक सुरक्षाकै एक माध्यम हो। नेपालमा पनि वृद्ध कार्ड, अपांगता कार्ड द्वारा विभिन्न स्थानमा विशेष छुट दिने प्रावधान छ। सामाजिक सुरक्षाका लागि सरकारले करको व्यवस्था गर्छ। जसले भविष्यमा सरकारी जिम्मेवारीलाई सहयोग गर्दछ।

**नेपालमा सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा नागरिकको मौलिक हकको रूपमा स्थापित भएको छ। नेपालको संविधान, भाग ३ को धारा ३४ को २ र धारा ४३ मा सामाजिक सुरक्षा सम्बन्धी मौलिक हकको व्यवस्थाहरू छन्।

कर्मचारी संचयकोष ऐन, २०१९
नागरिक लगानी कोष ऐन,२०४७
योगदानामा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
स्वास्थ्य बिमा ऐन,२०७४
सामाजिक सुरक्षा ऐन, २०७५
निवृत्तिभरण कोष ऐन,२०७५ आदिले सामाजिक सुरक्षाको कानुनी र संस्थागत आधार प्रदान गरेका छन्। साथै आयकर ऐन, २०५८ ले अवकाश कोषको व्यवस्था गरेको छ भने वार्षिक बजेटका माध्यमबाट नेपाल सरकारले विपन्न, असहाय अशक्त, असहाय एकल महिला, बालबालिकाका लागि सामाजिक सुरक्षाको व्यवस्था गर्दै आइरहेको छ। नेपाल सरकारले सामाजिक सुरक्षा योजनामा बजेट खर्चको सरदर १३ प्रतिशत र कुल गार्हस्थ्य उत्पादनको सरदर ४ प्रतिशत खर्च गर्ने गरेको छ।

नेपालमा सरकारी सेवाका स्थायी कर्मचारी सामाजिक सुरक्षा योजनामा समेटिएका छन् भने निजी क्षेत्रतर्फ कार्यरत कर्मचारी, तथा श्रमिक आंशिक रूपमा र स्वरोजगार नागरिक केही मात्रामा समेटिएका छन्। अनौपचारिक क्षेत्रमा कार्यरत कर्मचारीलाई अझै समेट्न सकिएको छैन।

सामाजिक सुरक्षा मानव अधिकारको अभिन्न अंग हो। समुदाय र मानिसबीच सु-सम्बन्ध कायम गर्ने माध्यम हो। यसद्धारा व्यक्तिको पहिचान स्थापित भई सकारात्मक विभेदको माध्यमबाट विशेष वर्गको हित हुन्छ। यसरी सामाजिक सुरक्षाको माध्यमद्धारा प्रत्येक व्यक्तिमा सुनिश्चित भविष्यको प्रत्याभूति भई अनिश्चितता घटाउन मद्दत गर्दछ। यसर्थ प्रत्येक राज्यको लागी सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु अनिवार्य छ। यो आजको आवश्यकता हो। जसले राज्यमा एकता संवृद्धी जोगाई राख्न मद्धत गर्दछ।

**लगानी कोष**

नागरिक लगानी कोष ऐन,२०४७ बमोजिम २०४७ चैत्र ०४ गते स्थापित नागरिक लगानी कोषको प्रस्तावनामा देशको आर्थिक विकासको लागी सर्वसाधारण जनतालाई समेत पुँजीको बचत गर्न प्रोत्साहित गरी लगानीका अवसरहरू वढाउन, अवकाश तथा सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्न र पुँजी बजारमा गतिशीलता ल्याउन कोषको आवश्यकता महसुस गरी स्थापना, सञ्चालन, व्यवस्थापन गर्ने कुरा उल्लेख छ। नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम कोषको कार्यक्षेत्र देहाय बमोजिम रहेका छन्।

**बचत संकलनः** विभिन्न बचत योजनाहरू र सामूहिक लगानी कोष (Mutule Fund) को माध्यमबाट बचत संकलन वढाउने।

**लगानी व्यवस्थापनः** जोखिम विश्लेषणको आधारमा सुरक्षित र लाभदायक क्षेत्रहरूमा लगानी विविधीकरण गर्ने।

**पुँजी बजारः** पुँजी वजारको विकास र विस्तार लाई गति दिने, फलस्वरूप नागरिक स्टक डिलरको स्थापना गरिएको।

**मानव संसाधनः**

दक्ष तथा उत्प्रेरित मानव संसाधनबाट सेवाग्राहीलाई प्रभावकारी सेवा प्रदान गर्ने

**सूचना प्रविधीः** नवीनतम सूचना प्रविधिको प्रयोगबाट कोषको सम्पादन स्तरीय बनाउने,

**कानुनी पक्षहरुः** कोषको ऐन र नियमहरूको प्रभावकारी कार्यान्वयन गर्ने कोषले सञ्चालन गरेका सामाजिक सुरक्षा योजनाहरूः

कर्मचारी बचत वृद्धि अवकाश कोष,
नागरिक एकांक योजना
लगानीकर्ता हिसाव योजना
उपदान पेन्सन कोष
राष्ट्रिसेवक सावधिक जीवन बिमा कार्यक्रम अन्तर्गत
निजामती बिमा कोष
शिक्षक बिमा कोष
सैनिक बिमा कोष
नेपाल प्रहरी बिमा कोष
सशस्त्र प्रहरी बिमा कोष
राष्ट्रिय अनुसन्धान बिमा कोष
नेपाल कृषि अनुसन्धान परिषद् बिमा कोष
नागरिक पेन्सन योजना

यसरी नागरिक लगानी कोष ऐन २०४७ अनुसार राष्ट्रको आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गरी पुँजी बजारका वृद्धिका साथै लगानीका अवसरहरू बढाउन तथा पुँजी वजारको

विकासमा गतिशीलता ल्याउने प्रमुख उद्देश्य राखेर कोष स्थापना भएको हो । उक्त उद्देश्य प्राप्तिका लागी कोषले सर्वसाधारण विभिन्न संगठित संघ-सस्थामा कार्यरत कर्मचारी, कामदार तथा संगठित संघ संस्थाहरूबाट समेत विभिन्न कार्यक्रमअन्तर्गत बचत संकलन गरी संकलित वचत रकमलाई दक्ष र व्यावसायिक ढंगवाट लगानी प्रबन्ध गर्दै आएको छ । विकेन्द्रीकरणलाई कोषले हाल आफ्ना शाखा कार्यालयहरू पोखरा, विराटनगर, बुटवल, सुर्खेत र अत्तरियाबाट सेवा प्रवाह गरिरहेको छ ।

कोषले पुँजी बजार सम्बन्धी मर्चेन्ट बैंकरको रूपमा धितो पत्र निष्कासन तथा बिक्री प्रबन्धकको कार्य, सेयर रजिस्टारको कार्य र धितो पत्र प्रत्याभूतिको कार्य गर्दै आएको छ । साथै विदेशस्थित नेपाली नागरिकहरूबाट समेत विविध प्रकारका बचत कार्यक्रममार्फत बचत संकलन गर्न सक्ने कोषको ऐनमा भएको प्रावधान अनुरूप कोषले यसतर्फ समेत सेवा विस्तार गरिसकेको छ । कोषलाई सक्षम ट्रष्टी संस्थाको रूपमा स्थापित गराउने, पुँजी बजार को विकास तथा विस्तारका लागी कोषको नीति तथा संरचनागत सुधार गर्ने, स्वीकृत अवकाश कोष, उपदान तथा पेन्सन कोष बिमा कोषलगायतका कार्यक्रमहरूको दायरा विस्तार गर्नेतर्फ कोष कार्यरत रहेको छ । कोषको सेवालाई गुणस्तरीय र सर्वसुलभ बनाउन कोषको वर्तमान संगठनात्मक संरचनालाई पुनः संरचना गर्ने कार्य कोषले गरेको छ ।

कोषले कर्मचारी बचत वृद्धि अवकाश कोष, बिमा कोष योजना, उपदान तथा पेन्सन कोष, लगानी कर्ता हिसाव योजना, नागरिक एकांक योजना, पुँजी वजार सेवा, धितो पत्र निष्कासन तथा बिक्री प्रबन्धक सेवा, शेयर रजिस्टार, धितो पत्र प्रत्याभूति, परामर्श सेवा, लगानी व्यवस्थापन, ब्रिज ग्याप लोन,सहभागी कर्जा,परियोजना सरकारी ऋणपत्र तथा धितो पत्रमा लगानी गर्ने जस्ता कार्य गर्दै आएको छ ।

हालका दिनमा कोषले प्रभावकारी सेवा प्रदान गर्ने, दिगो प्रतिफल प्रदान गर्ने, सामाजिक सुरक्षणको दायरा फराकिलो बनाउने, बचत संकलनमा प्रतिस्पर्धात्मक क्षमता क्रमशः विकास गराउने कार्यलाई प्राथमिकता दिदै आएको छ ।

आ.व २०७९/०८० को बजेटमा प्रत्येक नागरिकले 'नागरिक पेन्सन योजना' मा सहभागिता जनाउने उल्लेख छ । यसरी सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई सरकारले प्राथमिकता दिँदै आएको छ ।

नेपाल सरकारबाट सञ्चालित सामाजिक सुरक्षा योजना सरकार अन्तर्गत रहेर सञ्चालित संरचनाहरू

लोक कल्याणकारी राज्यको परिकल्पना अनुरूप (कोखदेखि शोकसम्म) भन्ने नाराका साथ बजेट भाषणका माध्यमद्धारा सामाजिक सुरक्षाको प्रत्याभूति दिइएको छ ।

योजनाका प्रकारः-

सामाजिक सुरक्षा भर्ना
स्वास्थ्य बिमा
विपन्न नागरिक औषधि उपचार
सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने आधारहरू
जेष्ठ नागरिक
जेष्ठ नागरिक, दलित समूह र विशेष क्षेत्र समूह
बिधुवा महिला
जेष्ठ नागरिक एकल महिला
पूर्ण अपांगता भएका
अति अशक्त अपाङता भएका
लोपोन्मुख जाति
दलित बालबालिका

**स्वास्थ्य बिमाः**

वि.स २०७२ वैशाख १२ देखि प्रारम्भ भई हाल ७७ जिल्लाका ७४७ स्थानीय तहमा विस्तार भएको छ ।

**विपन्न नागरिक औषधि उपचारः-**

यसमा विभिन्न ८ प्रकारका रोग विरूद्ध स्वास्थ्य सेवा उपलब्ध हुँदै आएको छ ।

अन्त्यमा, 'समृद्ध नेपाल, सुखी नेपालीको परिकल्पना (चाहना) राज्यले गरेको छ । जुन आजको आवश्यकता हो । राज्यको चाहना पुरा गर्नु प्रत्येक' व्यक्ती संघ, संस्थाको कर्तव्य हुन्छ । लगानी कोषले सोही अनुरूप कार्य गर्दै समृद्ध नेपालको सहयात्री भई कार्य गरेको छ । जसले राष्ट्रिय आयमा योगदान दिँदै समाजमा सामाजिक सुरक्षालगायतका अन्य कार्यमा आफ्नो छुट्टै पहिचान बनाएको छ ।

***(ढुंगाना नेपाल वित्तीय संस्था कर्मचारी संघ, नागरिक लगानी कोषका उपाध्यक्ष हुन्)***

## सर्वोत्तम सिमेन्टको सेयर प्रत्याभूतिकर्तामा कोष



**ना.ल.कोष ।** नागरिक लगानी कोषले सर्वोत्तम सिमेन्ट लिमिटेडको सेयर प्रत्याभूती गर्ने भएको छ । कम्पनीको प्रति सेयर अंकित मूल्य तीन सय ६०.९० रूपैयाँको दरले ३४ लाख २० कित्ताको एक अर्ब २३ करोड ४२ लाख ७८ हजार रूपैयाँको सेयर सार्वजनिक निष्कासन गर्दा कोषले प्रत्याभूति गर्ने भएको हो । प्रत्याभूति सम्झौतामा कोषको तर्फबाट निमित्त कार्यकारी निर्देशक शोभा श्रेष्ठ (सुवेदी) र सर्वोत्तम सिमेन्टको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सन्तोष के.सी.ले हस्ताक्षर गर्नु भएको हो ।

## एनएफआरएस तालिम

**ना.ल.कोष ।** नागरिक लगानी कोषले एक दिने नेपाल वित्तीय प्रतिवेदन मान (एनएफआरएस) तालिम कार्यक्रम सम्पन्न गरेको छ । सम्पत्तीको मुल्याकंन, खर्च, नाफाको वितरण, कर लगायतका विषयमा तालिममा जानकारी दिइएको थियो । तालिममा करिब एक सय जना कर्मचारी सहभागी भएका थिए ।

नेपाल राष्ट्र बैंकले वित्तीय विवरण एनएफआरएस अनुसार गर्नुपर्ने बताएपछि कोषले पनि सोही अनुसार गरिरहेको छ । देश अनुसारको फरक फरक फाईनान्सियल एकाउन्टिङ रिपोर्ट हुँदा अन्तर्राष्ट्रिय बजारमा समस्या देखिएको भन्दै कम्पनीहरूको वित्तीय विवरण विश्वभर एउटै बनाउन ईन्टरनेश्नल फाईनान्सिल रिपोटिङ स्ट्यान्डर्ड अवधारणा आएको हो । सोही आइएफआरएसलाई नेपाल कानुन अनुसार एनएफआरएस बनाइएको हो । त्यही व्यवस्था अनुसार नेपालमा एनएफआरएस लागु भएको हो ।

# आर्थिक विकासमा कोषको भूमिका



नेत्र बिक्रम थापा

नागरिक लगानी कोष ऐन, २०४७ अनुसार स्थापित कोषले आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गरी पुँजी वृद्धिको माध्यमबाट लगानीका अवसर बढाईरहेको छ । विभिन्न योजना तथा कार्यक्रम सञ्चालनबाट कोषमा प्राप्त हुने दीर्घकालीन प्रकृतिको फन्डलाई कोषको लगानी नीतिको परिधिभित्र रही पूर्वाधार निर्माण, जलविद्युत विकास तथा उत्पादनशील क्षेत्रमा लगानी गरी दीर्घकालीन पुँजी निर्माणका साथै उच्च प्रतिफल आर्जन गर्ने दिशातर्फ कोषले आफूलाई केन्द्रित गरिरहेको छ ।

कोषले चालु आवको असोज मसान्तसम्ममा २ खर्ब ५१ अर्ब ०७ करोड लगानी गरेको छ । सोही अवधिमा कोषको खुद कोष मौज्दात र कम २ खर्ब ५१ अर्ब ०७ करोड रूपैयाँ रहेको छ । यो अवधिमा कोषले मुद्धति निक्षेपमा १ खर्ब १८ अर्ब ६६ करोड, संगठित संस्थाको सेयर/धितो पत्रमा ३० अर्ब ५ करोड २१ लाख, सहभागी सापटी तथा आवास कर्जामा ५० अर्ब ९७ करोड ४२ लाख र समयकालिन कर्जामा २३ अर्ब ६१ करोड २० लाख रूपैयाँ लगानी गरेको छ ।

कोषले ११ वटा विभिन्न स्किम सञ्चालन गर्दै आइरहेको छ । त्यस्ता कार्यक्रमहरूमा कर्मचारी बचत वृद्धि अबकास कोष, उपदान कोष, एकांक योजना, लगानी कर्ता हिसाव योजना, निजामती बिमा कोष, शिक्षक बिमा कोष, सैनिक बिमा कोष, नार्क बिमा कोष, नेपाल प्रहरी बिमा कोष, सशस्त्र प्रहरी बिमा कोष,राष्ट्रिय अनुसन्धान बिमा कोष रहेका छन् । त्यस्ता स्किमहरूमा करिव साढे सात लाख सहभागी रहेका छन् ।

यस्तो अवस्थामा नागरिकको बचतलाई लगानीमा रूपान्तरण गरी त्यस्को लाभ नागरिकलाई नै दिनेतर्फ कोषले आफूलाई अझ परिमार्जित गर्नु पर्ने देखिएको छ । कोषले नाफा मात्र नभई हरेक तह र तप्काका नागरिकलाई बचतमा सहभागी गराउन सकेको अवस्थामा मुलुकको आर्थिक विकासमा पनि सहयोग पुग्ने छ । यही कुरालाई आत्मसाथ गर्दै कोषले दीगो आर्थिक विकास बिना अन्य राजनीतिक र सामाजिक परिवर्तन हुन नसक्ने अहिलेको अवस्थामा दिगो आर्थिक विकासमार्फत आर्थिक वृद्धिद्धर उच्च बनाइ स्वदेशमै अधिकतम रोजगारीका अवसर सिर्जना गर्ने र आर्थिक समृद्धिमा योगदान पुर्‍याउनेतर्फ काम गर्नुपर्ने देखिएको छ ।

स्थापनाकालदेखि नै निरन्तर नाफामा सञ्चालन भइरहनु, प्रत्येक वर्ष सहभागी संख्या बढाउँदै लैजान सफल हुनु र फरक-फरक किसिमका बचत योजना सफलतापूर्वक सञ्चालनमा ल्याउन सक्नु कोषको सफलताको आधार हो । यो सफलतालाई आगामी दिनमा अझै बढाउने चुनौती कोषमा रहेको छ । दीगो लगानी र उत्पादकत्व वृद्धि हुने क्षेत्रमा आफ्नो शक्ति परिचालनमा कोषले उच्च प्राथमिकता दिनुपर्छ । सुरक्षित लगानीका नयाँ क्षेत्रहरूको पहिचान गरी राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरी देशमा आमूल परिवर्तन ल्याउने कुरालाई आत्मसाथ गर्नुपर्ने खाँचो देखिएको छ ।

मुलुकको आर्थिक बिकासमा आमुल परिवर्तन ल्याई आर्थिक वृद्धिदर बढाउने, रोजगारीको अवसर सिर्जना गर्ने, उद्योग धन्दाको बिकास गर्ने अपेक्षा आम नागरिकले गरेका छन् । यस्तो अवस्थामा कोषले सरकारले लिएको लक्ष्यलाई पूरा गर्न सहयोग पुर्‍याउनेतर्फ पनि काम गरिरहेको छ । सरकारले लिएको लक्ष्यलाई पूरा गर्न कोष र कोष जस्तै अन्य संस्थासँग सह-वित्तीय करण गरी कृषि, पर्यटन र जलविद्युत क्षेत्रमा ठूला परियोजना सञ्चालन गर्न सकेमा सरकारले लिएको लक्ष्य पुरा हुन सक्छ । योसँगै विदेसी दाताको मुख ताक्नुपर्ने अवस्थाको समेत अन्त्य हुन सक्ने छ ।

कोषसित पुँजी संकलनलाई व्यापक बनाउन सक्ने क्षमता र सम्भावना छ । कोषले बचत संकलनलाई योभन्दा पनि अझ व्यापक रूपमा विस्तार गर्न सक्छ । यसमा बचतमात्र वृद्धि भएर पुग्दैन । त्यसको लागि बचतको प्रभावकारी लगानी गर्नुपर्दछ । नीतिगत, कानुनी र संस्थागत औजारहरू प्रयोग गरेर कोषको लगानी व्यवस्थापन गर्दै अघि बढेमा यसप्रति आम नागरिकको अझ विश्वास बढ्ने छ ।

त्यसैले कोषले दिगो लगानी, र उत्पादकत्व वृद्धि हुने क्षेत्रमा आफनो फण्ड परिचालनलाई पहिलो प्राथमिकतामा राखी राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्नुपर्ने खाँचो देखिएको हो । सुरक्षित लगानीका नयाँ क्षेत्रहरूको पहिचान गर्नको लागि कोषले आफ्नो लगानी नीति संसोधन गरीसकेको छ । कोषको कार्य प्रकृति, कारोबारको बढ्दो परिमाण तथा सहभागीहरूको संख्याको बढ्दो वृद्धिदर लाई ध्यानमा राख्दै सेवाग्राहीको भावनालाई आत्मसाथ गरी अघि बढेमा यही प्रकृतिका अन्य संस्थाको तुलनामा यो अझै अघि बढ्ने थियो । आम सहभागीले गाँस काटेर जम्मा गरेको रकमलाई बढी प्रतिफल मुखी बनाई राष्ट्रिय उत्पादकत्व र कुल ग्राहस्र्थ्य उत्पादनमा कोषको योगदानको प्रतिशतलाई बढाउनुपर्ने खाँचो देखिएको छ ।

कोषले आवास कर्जा, सहभागी सापटीलगायतका समयकालीन कर्जा प्रवाह गर्नेतर्फ पनि काम गरिराखेको छ । यस बाहेक नेपाल सरकारको ऋणपत्र, संगठित संस्थाको सेयर लगायतमा लगानी गरेको छ । लगानीको दायरालाई अझ फराकिलो बनाउन कोषले भविष्यमा सरकार का ठूला विकास आयोजना तथा पूर्वाधार को क्षेत्रमा लगानी गर्ने योजना बनाएको छ । कोषले लगानीलाई विविधीकरण गर्दै जोखिम कम रहेका क्षेत्रहरू रोज्नुपर्छ । अरू बैंक तथा वित्तीय संस्था जस्तो कोषले जोखिम मोलेर लगानी गर्न सक्ने अवस्था रहँदैन भने कोषले निश्चित दायराभन्दा बढी लगानी गर्न पाउने कानुनी प्रावधान पनि रहेको छैन् ।

राष्ट्र सेवक बचतकर्ताको मिहिनेतबाट जम्मा भएको रकमको सही सदुपयोग होस भन्ने कोषको मुख्य ध्येय भएकोले त्यस अनुसार मात्रै कोषले काम गर्नुपर्ने हुन्छ र गरिरहेको छ । २ करोड ४० लाख रूपैयाँ चुक्ता पुँजीबाट कारोबार प्रारम्भ गरेको कोषको अहिले चुक्ता पुँजी ५ अर्ब ३१ करोड ३७ लाख ५० हजार पुगिसकेको छ ।

उक्त चुक्ता पुँजीमध्ये नेपाल सरकारको २३.३४ प्रतिशत, राष्ट्रिय बिमा संस्थानको ३१.५५ प्रतिशत, नेपाल स्टक एक्सचेञ्चको १० प्रतिशत, अन्य बैंक तथा वित्तीय संस्थाको १५.११ प्रतिशत र सर्वसाधारणको २० प्रतिशत सेयर स्वामित्व रहेको छ ।

मुलुकमा छरिएर रहेका स-साना बचतलाई संकलन गरी उत्पादनशील तथा सिर्जनशील क्षेत्रमा लगानी गर्दै देशको बचत-लगानी अन्तरलाई न्यूनीकरण गर्दै कोष अगाडि बढी रहेको भए पनि बचत परिचालनको लागि उपयुक्त अवसरको अभावमा बचत तथा स्रोतको ठूलो हिस्सा मुद्दती निक्षेपमा राख्नुपर्ने अवस्था भने अझै पनि बिद्यमान

रहेको छ । बैंक तथा वित्तीय संस्थामा लगानी गरेको मुद्दती निक्षेपको अंशलाई क्रमश उत्पादनमूलक क्षेत्रमा सुरक्षित तवरले प्रवाह गर्नु कोषको लागि चुनौतीपुर्ण कार्य रहेको छ। आजको प्रतिस्पर्धी समयमा डिजिटल सेवा पूर्णरूपमा कार्यन्वयनमा ल्याउन नसक्नुलाई पनि चुनौतीकै रूपमा हेरिएको छ ।

योसँगै अर्को मुख्य चुनौतीको रूपमा कोषको जस्तै कारोबार गर्ने अन्य संस्थालाई सरकारले हेर्ने दृष्टिकोणमा रहेको भिन्नतालाई लिन सकिन्छ । केही समयअघि मात्रै आएका संस्थालाई राज्यले बढी प्राथमिकता दिएको कारण कोषका सहभागीहरू त्यस्ता संस्थातर्फ जाने क्रम देखिएकोले त्यस्ता संस्थालाई दिने सरहको सहुलियत कोषलाई पनि दिनुपर्नेतर्फ सरोकारवाला निकायले सोच्नुपर्ने अवस्था आएको छ । अन्य संस्थामा आवद्ध हुँदा ५ लाख रूपैयाँ सम्म कर छुट (चालु आबको बजेटमार्फत) दिइने तर कोषमा आवद्ध हुने सहभागीहरूलाई भने वार्षिक ३ लाख रूपैयाँसम्म (आयकर ऐनमा भएको व्यवस्था) दिने असमान प्रावधानले सहभागी संख्या घट्दो क्रममा रहेको छ। सोही कारण अन्य प्रतिस्पर्धी संस्थाहरू प्रति सरकारद्धारा गरिने यस किसिमको असमान व्यवहार चुनौतिको रुपमा खडा भएको हो ।

आर्थिक प्रगति, समग्र राष्ट्रको आर्थिक विकास, उत्थान र प्रगतिको कुरा गर्दा समग्र नेपाली जनताको सुख र समृद्धिको चाहना पुरा गर्नका लागि आम नागरिकसम्म कोषले आफूलाई पुऱ्याउनेतर्फ काम गरिरहेको छ । यसको लागि राज्यले पनि कोषलाई हेर्ने दृष्टिकोणमा बिस्तार गर्दै लानुपर्ने आवश्यकता देखिएको छ । कोष आम नागरिकसम्म पुग्न सकेको अवस्थामा मात्रै यस्को परिकल्पना पुरा हुने हुँदा सरकारले यस्ले सञ्चालन गर्दै आएको कार्यलाई बढवा दिनुपर्ने खाँचो देखिएको छ ।

***(थापा नागरिक लगानी कोष कर्मचारी युनियनका उपाध्यक्ष हुन्)***

## कोषमा माइन्ड म्यानेजमेन्ट प्रशिक्षण कार्यक्रम




**ना.ल.कोष** । नागरिक लगानी कोषले माइन्ड म्यानेजमेन्ट प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । आचार्य स्वामी ध्रुवले प्रदान गर्नुभएको उक्त प्रशिक्षण कार्यक्रममा कोषमा कार्यरत करिब एक सय जना कर्मचारी सहभागी हुनुभएको थियो ।

कर्मचारीमा सकारात्मक ऊर्जा हासिल गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा सवै कर्मचारीले आफ्नो कामलाई पहिलो प्राथमिकतामा राखी सेवा भावलाई महत्व दिन सकेको अवस्थामा कोषको लक्ष्य र सेवाग्राहीले उच्चतम सन्तुष्टि हासिल गर्न सक्नेमा जोड दिइएको थियो । जीव र जीवनलाई योग र मेडिटेसनले नयाँ मार्ग प्रदान गर्ने भन्दै सबैले आ-आफ्नो क्षेत्रबाट यसलाई आत्मसाथ गर्न सकेमा कोष र कोषजस्ता कार्यालयले आफ्नो लक्ष्य सहजै हासिल गर्न सक्नेमा प्रशिक्षण दिइएको थियो । कर्मचारीहरूले समर्पण,समयसीमा र सकारात्मक सोचको साथ काम गर्नुभएमा आफू र आफू कार्यरत कार्यालयलाई पनि माथि पुऱ्याउन सफलता मिल्नेमा आचार्य ध्रुवले बताउनुभयो। यो भन्दा अघि पनि कोषले कर्मचारीलाई विभिन्न किसिमका अध्यात्मसँग सम्बन्धित प्रशिक्षण कार्यक्रम उपलब्ध गराउँदै आएको थियो ।

## सरस्वती मा. वि.लाई तीन लाख प्रदान

**ना.ल.कोष** । नागरिक लगानी कोषले काभ्रेपलाञ्चोकको सुनौलीस्थित देउराली गाउँपालिका वडा नं ४ मा रहेको सरस्वती माद्यामिक विद्यालयलाई संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत तीन लाख रूपैयाँ सहयोग गरेको छ ।

कोषले विगतदेखिनै संस्थागत सामाजिक उत्तर दायित्व अन्तर्गत सहयोग गर्दै आइरहेको छ । यो भन्दा अघि राप्ती बहिरा संघ दाङलाई बहिरा बालबालिकाहरूको लागि समावेशी खेलकुद सम्वन्धी कार्यको लागि सामाजिक उत्तरदायित्व अन्तर्गत दुई लाख रूपैयाँ आर्थिक सहयोग गरेको थियो ।

त्यसैगरी कमजोर आर्थिक अवस्था भएका बालबालिकालाई आवश्यक पर्ने कापी, कलम, विद्यालय पोशाक खरिद गर्नको लागि पदमपुर आधारभुत बिद्यालय ढेढौली, चितवनलाई दुई लाख रूपैयाँ सहयोग गरेको थियो । यो सँगै कमजोर आर्थिक अवस्था भएका बालबालिका एवं विद्यालयलाई सहयोग गर्दै आइरहेकोमा अशक्त, अपांग भएका मस्कुलर डिस्ट्रोफीका विरामीहरूको पुर्नस्थापनको लागि फिजियोथेरापी, एम्बुलेन्स र एकीकृत स्वस्थ्य शिविर सञ्चालन गर्न मस्कुलर डिस्ट्रोफी फाउण्डेशन नेपाललाई संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत दुई लाख रूपैयाँ आर्थिक सहयोग गरेको थियो ।

## कोष उच्च व्यवस्थापकलाई का.मु.को जिम्मेवारी

**ना.ल.कोष** । नागरिक लगानी कोषले तीन जना उच्च व्यवस्थापनलाई का.मु. को जिम्मेवारी दिएको छ । जसमा का.मु. नायव कार्यकारी निर्देशकको रूपमा श्री शोभा श्रेष्ठ सुवेदी र श्री हेमन्त पोखरेल रहनु भएको छ। त्यसैगरी श्री नवराज खड्का र श्री रोशन जंग कार्कीलाई का.मु निर्देशकको जिम्मेवारी दिइएको छ ।

## आधुनिक डाटा सेन्टर सञ्चालनमा

**ना.ल.कोष** । नागरिक लगानी कोषले डाटा सेन्टर सञ्चालनमा ल्याएको छ। यसले पावर सिस्टमलाई समय सापेक्ष रूपमा काम गर्ने छ। युपिएससबाट आउने समस्या यो सञ्चालनमा आएपछि कम हुने विश्वास लिइएको छ । डाटा सेन्टरले कुलिङ सिटमलाई व्यवस्थित गर्ने हुँदा बढी व्यवस्थित हुने अपेक्षा कोषले गरेको छ। अहिले सञ्चालनमा आएको डाटा सेन्टर अहिलेसम्मको अत्याधुनिक हो ।

## नयाँ कर्मचारीलाई नियुक्ति

**ना.ल.कोष** । कोषमा स्थायी सेवामा छनोट भएका अधिकृत र सहायक स्तरका कर्मचारीलाई नियुक्ती दिइएको छ । कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्कीले नयाँ कर्मचारीहरूलाई पद तथा गोपनियताको सपथ गराउनु भएको हो । सो अवसरमा का.मु नायव कार्यकारी निर्देशक शोभा श्रेष्ठ सुवेदी, का.मु.निर्देशक नवराज खड्का, का.मु. निर्देशक रोशन जंग कार्की एवं उपनिर्देशक अमृत बहादुर अधिकारीलगायतका सहभागीता रहेको थियो ।

# पुँजी बजारमा नागरिक लगानी कोषको भूमिका



देव नारायण गुरागाई

**ना.ल.कोष ।** स्वच्छ, प्रतिस्पर्धी र फराकिलो धितो पत्र बजार मार्फत राष्ट्रिय पुँजी निर्माण गर्ने सोच पन्ध्रौं योजनाको रहेको छ । योजनाको अन्त्यसम्ममा सार्वजनिक धितो पत्रमा लगानी गर्ने जनसंख्या २० प्रतिशत पुग्ने अपेक्षा रहेको छ । आर्थिक वर्ष २०७९/८० को आर्थिक सर्वेक्षण अनुसार कुल जनसंख्याको १९ प्रतिशतले हित ग्राही (DMAT) खाता खोले का छन् । यसले लगानीकर्तामा केही हदसम्म वित्तीय साक्षरता समेत प्रदान गर्न सकेको छ । दोस्रो बजारको माध्यमबाट धितो पत्रको कारोबार गर्ने लगानीकर्ताको संख्यामा पनि वृद्धि हुन पुगेको छ ।

आर्थिक विकासका लागि नागरिकलाई बचत गर्न प्रोत्साहित गरी पुँजी वृद्धिका साथै लगानीका अवसरहरू बढाउन तथा पुँजी बजारको गतिशील विकासमा टेवा पुऱ्याउने उद्देश्य राखेर नागरिक लगानी कोषको स्थापना नागरिक लगानी कोष ऐन, २०४७ अनुसार वि.सं. २०४७ चैत ४ गते भएको हो । यसले वि. सं. २०४८ माघ १ गते देखि औपचारिक रूपमा आफ्नो कारोबार सञ्चालनमा ल्याएको हो । कोषले आफ्ना उद्देश्य प्राप्तिका लागी सर्वसाधारण, विभिन्न संगठित संघ-संस्थामा कार्यरत कर्मचारी, कामदार तथा संगठित संघ/ संस्थाहरूबाट समेत विभिन्न कार्यक्रम अन्तर्गत बचत संकलन गरी संकलित बचत रकमलाई दक्ष र व्यावसायिक ढंगबाट लगानी प्रबन्ध गर्दै आएको छ । कोषले केन्द्रीय कार्यालय काठमाडौं र शाखा कार्यालय पोखरा, विराटनगर, बुटवल, अत्तरिया र सुर्खेतबाट आफ्नो सेवा प्रवाह गरिरहेको छ । छरिएर रहेका बचतलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गरी राष्ट्रिय पुँजी निर्माण, औद्योगीकरण तथा अर्थतन्त्र समृद्ध बनाउन पुँजी बजारको महत्वपूर्ण भूमिका हुन्छ । 'नेपालको सम्मृद्धीको सहयात्री' मूल ध्येय बनाएको कोषले यस क्षेत्रमा आफ्ना विभिन्न कार्यक्रमहरूमार्फत सहभागीहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

कोषको रणनीतिक योजनाका मुख्य चार वटा स्तम्भहरू र प्रत्येक मूल स्तम्भहरूलाई चार वटा सहायक स्तम्भहरूले समर्थन गरेका छन् । बचत र लगानी व्यवस्थापनको उद्देश्य प्राप्ति गर्नका लागि मूल रणनीतिक स्तम्भहरू तय गरिएको छ भने सहायक स्तम्भहरू मुल रणनीतिक स्तम्भहरूको पूरकको रूपमा रहेका छन । यी स्तम्भहरूको पारस्परिक आबद्धताको आधारमा कोषले आफ्नो उद्देश्य हासिल गर्नेछ । मूल रणनीतिक योजनाहरू देहाय बमोजिम रहेका छन् :

**बचत कार्यक्रम**

सामाजिक कल्याण प्रवर्द्धन गर्न वर्तमान बचतमा आधारित कार्यक्रम तथा योजनाहरूलाई निरन्तरता दिई बचत संकलन कार्य प्रभावकारी रूपमा सञ्चालन गरिएको छ । यसका लागि स्वदेशमा रहेका सम्भाव्य सहभागीका साथै विदेशमा रहेका नेपालीहरूको समेत पहुँच बढाउने प्रयास गरिएको छ । साथै, आर्थिक रूपमा कमजोर वर्ग समेत समेटिने गरी विभिन्न नयाँ योजनामार्फत दीर्घकालीन बचत बढाउन ध्यान केन्द्रित गरिएको छ ।

**लगानी व्यवस्थापन**

कोषमा संकलित रकमलाई कम जोखिमपूर्ण र धेरै नाफामूलक क्षेत्रमा लगानी गर्न विभिन्न उपकरण र रणनीतिहरू प्रयोग गरिएको छ । यसका अतिरिक्त कोषले लगानी पोर्टफोलियो विविधीकरण गर्न र दीर्घकालीन आय सुनिश्चित गर्नका लागि जग्गा र भवन जस्ता स्थिर सम्पत्तिमा समेत लगानी गरेको छ । कोषले सबै प्रदेशमा आफ्ना गतिविधि विस्तार गर्दै के न्द्रीय कार्यालय र सबै प्रादेशिक कार्यालयमा बहुउद्देश्यीय व्यावसायिक कम्प्लेक्स निर्माण गरी कार्यालय सञ्चालन गरिने योजना रहेको छ । राष्ट्रिय समृद्धिमा टेवा पुग्ने गरी आय आर्जन, उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी केन्द्रित गरिएको छ ।

**पुँजी बजार सेवा**

पुँजी बजारलाई राष्ट्रिय अर्थतन्त्रको मेरूदण्ड बनाउने गरी पुँजी बजार सेवा सञ्चालन गरिएको छ । धितो पत्र निष्कासन, बजार निर्माता, लगानी सल्लाहकार, धितो पत्र प्रत्याभूति, र लगानी व्यवस्थापन जस्ता सेवा तथा पुँजी बजारसँग सम्बन्धित गतिविधिलाई प्रवर्द्धन गरी व्यावसायिक मूल्य र सिद्धान्तका आधारमा संस्थागत लगानीकर्ताको रूपमा कोषले आफ्ना कार्यहरू गर्दै आएको छ ।

सेवानिवृत कोष र सामाजिक सुरक्षा कार्यक्रम विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू र निजी क्षेत्रमा कार्यरत कर्मचारी र श्रमिकहरूलाई लक्षित गरी अवकाश कोष योजनाहरू सञ्चालन गरिएको छ । यसरी संकलित रकमलाई उच्च प्रतिफल दिने क्षेत्रमा लगानी गरी उनीहरूलाई सम्भव भएसम्म अधिकतम लाभ प्रदान गरिएको छ । साथै सुरक्षित समाजको निर्माण गर्न ज्येष्ठ नागरिक, स्वरोजगार तथा वैदेशिक रोजगारमा रहेका नागरिकलाई लक्षित गरी सामाजिक सुरक्षा सम्बन्धी विभिन्न बचत कार्यक्रम सञ्चालनमा ल्याइएको छ । साथै, यस्ता कार्यक्रमका सहभागीहरूलाई सम्बन्धित कोषको आयबाट अन्य सुविधाहरू समेत प्रदान गरिँदै आएको छ । यस किसिमका कार्यक्रमहरूको विकास र बिस्तार गरी भविष्यमा थप सेवा प्रदान गर्ने कोषको योजना समेत रहेको छ ।

कोषको मुल स्तम्भ अर्न्गत रहेको पुँजी बजार सेवा अर्न्तगत पुँजी बजारको विकासमा टेवा पुऱ्याउने हेतुले ठूला संस्थागत लगानीकर्ताको आवश्यकतालाई परिपूर्ति गर्न कोषको मुख्य लगानीमा अन्य दुई संख्याहरू नेपाल पुर्नबिमा कम्पनी लि, नेपाल टेलिकमको संस्थागत पुँजी लगानी र सर्वसाधारणमार्फत पुँजी संकलन गर्ने गरी जम्मा रू ५ अर्ब चुक्ता पुँजी भएको नागरिक स्टक डिलर कम्पनीको स्थापना २०७६ माघ २९ गते गरिएको छ । कम्पनी ऐन २०६३ बमोजिम स्टक डिलर को काम गर्न 'नागरिक स्टक डिलर कम्पनी' नामक एक पब्लिक लिमिटेड कम्पनी स्थापना भएको छ । यसको अधिकृत पुँजी १० अर्ब रहेको छ भने चुक्ता पुँजी पाँच अर्ब रहेको छ । यसमा संस्थापक सेयर धनीलाई ७० र सर्वसाधारण सेयर धनीलाई ३० प्रतिशत सेयर स्वामित्व कायम गरिएको छ ।

संस्थापक सेयर धनीहरू नागरिक लगानी कोषको ५१ प्रतिशत, नेपाल पुनर्बिमा कम्पनी लिमिटेडको १० प्रतिशत र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको ९ प्रतिशत गरी ३ अर्व ५० करोड पुँजीले हाल यो कम्पनीले आफ्नो कार्य सञ्चालन गरिरहेको छ भने बाँकी रहेको ३० प्रतिशतले हुने १ अर्ब ५० करोड पुँजी कम्पनी ऐन तथा धितो पत्र निष्कासन सम्बन्धी प्रचलित नियमको अधीनमा रही प्राथमिक सेयर निष्कासनमार्फत चुक्ता पुँजी ५ अर्व पुऱ्याउनेछ । नागरिक स्टक डिलर कम्पनीको काम, कर्तव्य र अधिकार मध्ये कम्पनीको भूमिका मुख्यतः संस्थागत लगानीकर्ताका रूपमा रहेको छ । यसले धितो पत्रको प्रारम्भिक तथा थप सार्वजनिक निष्कासनमा योग्य संस्थागत खरिदकर्ता वा लगानीकर्ता भई कार्य गर्दछ । विभिन्न कम्पनीले जारी गरेको आइपिओ, एफपीओमा संस्थागत लगानीकर्ताका रूपमा धितो पत्र

किन्ने अधिकार यो कम्पनीलाई रहेको छ । कम्पनीले आफ्नो लागी तथा अन्य ग्राहकको लागि धितो पत्र दलाल व्यवसायी भई धितो पत्र एवं ऋणपत्रको कारोबार गर्दछ । पुँजी बजारमा रहेका धितो पत्र दलालहरूले गर्ने सबै किसिमका कार्य गर्न यो कम्पनी अधिकार प्राप्त रहेको छ । यसका अलावा कम्पनीलाई थप पुँजी आवश्यक भएमा विभिन्न संगठित संस्थाहरूलाई समेटी एक छुट्टै कोष (बास्केट फन्ड) खडा गरी आफ्नो कारोबार विस्तार गर्न सक्दछ । नागरिक लगानी कोष खुद आफै पनि मर्चेन्ट वैंकिङ्ग सेवा प्रदान गर्ने पुँजी बजारको पुरानो र अग्रणी संख्या हो । यसले धितो पत्र निस्काशक, प्रत्याभूतिकर्ता, सेयर रजिष्टार, बजार निर्माता, लगानी सल्लाहकार, लगानी व्यवस्थापक जस्ता कार्य गर्दै आईरहेकोछ । यसका अलवा पुँजी बजारसँग सम्बन्धित कार्यः डिवेन्चर ट्रष्टीको रूपमा, कष्डोडियनको कार्य, ब्रिज फाइनान्सिंग र बिशिष्टीकृत लगानी कोषहरू सञ्चालन जस्ता कार्यहरू गर्न कोषलाई ऐनले सुविधा प्रदान गरेको छ । धितो पत्र बजारका अलवा वस्तु विनिमय बजार र कोमोडिटी मार्केट, जुन भविष्यमा सञ्चालनमा आउनेछन्, ती बजारहरूमा लगानी कोषले एक अग्रणी संस्थाको रूपमा कार्य गर्न सक्ने ठूलो अवसर पनि जीवित नै रहेको छ । धितो पत्र बजारमा सर्वसाधारण लगानीकर्ताको आकर्षण बढाई देशव्यापी पहुँच विस्तार गरी संविधानले परिलक्षित गरेको स्वतन्त्र र स्वाधीन अर्थतन्त्र निर्माण गर्न पुँजी बजारको भूमिकालाई सार्थक बनाउन लगानी कोष सदैव सक्रिय भई लागिरहनु पर्दछ ।

# कोषले सञ्चालन गरेका कार्यक्रम

**ना.ल.कोष ।** नागरिक लगानी कोष ऐन, २०४७ अनुसार स्थापित नागरिक लगानी को षले मिति २०४८ माघ १ देखि कारोबार सुरू गरेको हो । देशको आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई समेत बचत गर्न प्रोत्साहित गरी लगानीका अवसर बढाउन, अवकाश कोष तथा सामाजिक सुरक्षणका कार्यक्रम सञ्चालन गर्न र पुँजी बजारमा गतिशीलता ल्याउने प्रमुख उद्देश्य राखेर कोष स्थापना भएको हो । उक्त उद्देश्य प्राप्तिका लागि कोषले सर्वसाधारण, विभिन्न संगठित संघ-संस्थामा कार्यरत कर्मचारी/कामदार तथा संगठित संघ-संस्थाबाट समेत विभिन्न कार्यक्रम अन्तर्गत बचत संकलन गरी त्यसरी संकलित बचत रकमलाई दक्ष र व्यावसायिक ढंगबाट लगानी प्रबन्ध गर्दै आएको छ ।

कोषले केन्द्रीय कार्यालय काठमाडौं, पोखरा, विराटनगर, बुटवल, अत्तरिया, सुर्खेतस्थित शाखा कार्यालयहरूबाट सेवा प्रवाह गरिरहेको छ । योसँगै कोषले मधेस प्रदेशमा पनि शाखा कार्यालय स्थापना गर्ने लक्ष्य राखेको छ । कोषले दोश्रो बजारतर्फ सेयर तथा डिवेञ्चरको खरिद बिक्रीलगायतका पुँजी बजारको विकास, विस्तार र स्थायित्व प्रदान गर्ने जस्ता महत्वपुर्ण कार्य गर्दै आइरहेको छ । साथै, विदेशस्थित नेपाली नागरिकहरूबाट समेत विविध प्रकारका बचत कार्यक्रममार्फत बचत संकलन गर्न सक्ने कोषको ऐनमा भएको प्रावधान अनुरूप यसतर्फ समेत सेवा विस्तार गरिसकेको छ । कोषलाई सक्षम ट्रष्टी संस्थाको रूपमा स्थापित गराउने, पुँजी बजार को विकास तथा विस्तारका लागि कोषको नीति निर्माण गर्ने, संरचनागत सुधार गर्ने, स्वीकृत अवकाश कोष, उपदान तथा पेन्सन कोष एवं बिमा कोषलगायतका कार्यक्रमहरूको दायरा विस्तार गर्नेतर्फ समेत कार्य गरिरहेको छ । कोषले आफ्नो सेवालाई गुणस्तरीय र सर्वसुलभ बनाउनेतर्फ उच्च प्राथमिकतामा राखेर कार्यअघि बढाइरहेको छ ।

पुँजीगत संरचना

अधिकृत पुँजी - रू. ८ अर्ब

जारी पुँजी - रू. ८ अर्ब

चुक्ता पुँजी - रू. ५ अर्ब ३१ करोड ३७ लाख ५० हजार

उपर्युक्तानुसारको पुँजीगत संरचनामा देहाय बमोजिमको शेयर स्वामित्व रहेको छ ।

१. नेपाल सरकार - २३.३४%
२. राष्ट्रिय विमा संस्थान - ३१.५५%
३. नेपाल स्टक एक्स्चेन्ज - १०%
४. अन्य बैक तथा वित्तीय संस्था -१५.११%
६. सर्वसाधारण -२०.००%

### (क) कर्मचारी वचत वृद्धि स्वीकृत अवकाश कोष

स्वेच्छिक योगदानमा आधारित अवकाश कोष योजनाअन्तर्गत नागरिक लगानी कोषले सञ्चालन गरेका सामाजिक सुरक्षासँग सम्बन्धित कार्यक्रमहरूमा नागरिक लागानी कोष ऐन,२०४७ र आयकर ऐन २०५८ मा भएको व्यवस्था अनुसार आयकर गणना गरी आयकर भुक्तानी गर्नु पर्ने प्रत्येक रोजगार वा स्वरोजगार, सरकारी वा निजी कारोबार गर्ने कामदारले आफ्नो मासिक पारिश्रमिकबाट तलब कट्टा गरी यस कोषमा आफै योगदान गर्न सक्दछन् ।

यस योजनामा सहभागीहरूलाई देहाय बमोजिमका सुविधाहरू प्राप्त हुने व्यवस्था रहेको छ :

कर्मचारी बचत बृद्धि अवकास कोष योजनामा सहभागीले रू. ५ लाख वा सो भन्दा कम मौज्दात हुने बचतकर्तालाई कर नलाग्ने ।

रू. ९,९९,९९९/- सम्म मौज्दात भएको मा रू. ५,००,०००/- घटाई बाँकीमा ५ प्रतिशतका दरले कर लाग्ने ।

रू.१०,००,०००/- भन्दा माथि जतीसुकै रकम मौज्दात भए पनि मौज्दात रकमको (सावाँ, ब्याज) ५० प्रतिशत मौज्दातमा ५ प्रतिशतका दरले कर लाग्ने ।

कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी बचत कर्ताको दुर्घटनाबाट मृत्यु भएमा रु १ लाखसम्मको दुर्घटना बिमा बापत आश्रितले भुक्तानी पाउने ।

वचत गरेको २ आर्थिक वर्ष पुरा गरेपछि बचत रकमको ८० प्रतिशतसम्म ऋण सापटी पाइने ।

यस योजनामा अधिकांश सरकारी, गैरसरकारी, संस्थान तथा अन्य संघ संस्थाहरूका कर्मचारीको सहभागिता रहेको छ । यस योजनामा सहभागीहरूबाट २०८० पुस मसान्तसम्ममा यस योजनामा रू. १ खर्ब ५६ अर्ब ८९ करोड रकम संकलन भएको छ । यसमा ३ लाख ५० हजार सहभागी आबद्ध रहेका छन् ।

### (ख) आवाश कर्जा

कोषले आवाश कर्जा बापत सहभागीलाई निजको १५ वर्षको सुरू तलबमानको रकम वा ८० लाख रूपैयाँमध्ये जुन कम हुन्छ सो बराबरको रकम प्रदान गर्दै आईरहेको छ । कोषमा श्रीमान र श्रीमती दुवै सहभागी भएमा आवाश कर्जा रू.१ करोड रूपैयाँसम्म सुविधा प्रदान गर्ने व्यवस्था रहेको छ ।

कोषका सहभागीहरूलाई निजहरूको घरायसी, भैपरी आउने कामको लागि घर /जग्गा धितो राखेर सरल कर्जाको रूपमा सहभागीलाई आर्थिक, सामाजिक, साँस्कृतिक र पारिवारिक प्रकृतिका कार्य गर्नका लागि रू ३० लाख रूपैयाँसम्म ऋण सापटी प्रदान गर्ने व्यवस्था रहेको छ ।

### (ग) लगानीकर्ता हिसाव योजना

कोषको ऐनले व्यवस्था गरेको यस लगानीकर्ता हिसाब योजनामा विभिन्न सरकारी, अर्ध सरकारी तथा गैह सरकारी संघ संस्थाहरूका दीर्घकालीन

दायित्व अन्तर्गतका कर्मचारी कल्याण कोष, औषधि उपचार खर्च, बिमाकोष, सञ्चित बिदा, घर बिदा, बिरामी बिदा, हितकारी कोष आदि शीर्षकका रकमहरू संकलन गरी लगानी व्यवस्थापनको कार्य यस कर्यक्रमअन्तर्गत गरिन्छ ।

यस योजनामा सहभागीहरूले देहाय बमोजिमका सुबिधाहरू पाउँछन् ।

यस योजनामा सहभागी संस्थाहरूले व्यक्तिगत रूपमा कर्मचारीहरू सहभागी गराएमा जम्मा रकमको ८० प्रतिशतसम्म सापटी प्राप्त गर्न सक्ने छन् । साथै अन्य सहभागीहरू सरह आवास, सरल र सवारी साधन कर्जा पाउन सक्ने ।

यस योजनामा रहेको रकम लगानी गरे पश्चात प्राप्त हुने रकमबाट सञ्चालन खर्च घटाई थप मुनाफा समेत प्रदान गर्ने व्यवस्था रहेको छ । २०८० पुस मसान्तसम्म यस योजनामा रू ९ अर्ब ४८ करोड ३८ लाख रकम संकलन भएको छ ।

**(घ) उपदान कोष योजना**

विभिन्न सरकारी संस्थान, अर्धसरकारी, गैह सरकारी निकायहरू र संगठित संस्थाहरूका कर्मचारीहरूलाई सम्बन्धित संस्थाले व्यवस्था गरेको दीर्घकालिन दायित्वअन्तर्गत उपदान बापतको रकम सम्बन्धित संस्थाको अनुरोधमा कार्यरत कर्मचारीहरूको अवकासको समयमा उपदान रकम भुक्तान गर्न उपदान योजना कार्यक्रम सञ्चालन गरिन्छ । यसका विशेषता देहाय बमोजिम रहेका छन ।

ब्यक्तिगत वा संस्थागत रूपमा रकम जम्मा हुने गरी उपदान योजना सञ्चालन गरिरहेको छ ।

यसको कुशल लगानी व्यवस्थापन गर्ने उद्देश्यले यो योजना सञ्चालनमा ल्याइएको हो । संगठित संस्थाहरूको भविष्यमा एकैपटक पर्ने दायित्व घटाउने र कर्मचारी सेवा निवृत भएपछि पाउने उपदान रकमको सुनिश्चितता समेत यस योजनाले प्रदान गर्दछ ।

यस योजनाअन्तर्गत कोषले सहभागी संस्थाहरूलाई उपदान बापतको रकम जम्मा गर्न प्रोत्साहित गर्ने, कोषको लगनी नीति अनुसार तोकिएको क्षेत्रमा लगानी गर्ने र प्राप्त ब्याज तथा आम्दानी सम्बन्धित संस्थाहरूको कर्मचारीहरूको व्यक्तिगत खाता वा संस्थाकै खातामा जम्मा गर्ने गरिन्छ । साथै प्रत्येक वर्ष प्राप्त हुने व्याज/ आम्दानी पुँजीकृत गर्ने कार्य गर्दै आएको छ । यस योजनामा २०८० पुस मसान्तसम्म ३६ अर्ब ८५ करोड ५९ लाख रूपैयाँ रहेको छ ।

**(ङ) नागरिक एकांक योजना**

नागरिक लगानी कोषले सर्वसाधारण वचतकर्ताहरूलाई म्युच्युयल फण्डअन्तर्गत एक ट्रष्टीको रूपमा दक्ष लगानी प्रवर्द्धन सेवा प्रदान गरी बढी प्रतिफल वितरण गर्ने उद्देश्यले यो योजना सञ्चालनमा ल्याएको हो ।

यस कार्यक्रमअन्तर्गत साना तथा मध्यमस्तरका लगानीकर्ताबाट स-साना रकमको रूपमा संकलन गरिएको पुँजीलाई दक्ष र व्यावसायिक ढंगबाट लगानी प्रवर्द्धन गरी सोबाट प्राप्त भएको प्रतिफल सहभागीहरूलाई नै वितरण गरिन्छ । यस योजना अनुसार जारी गरिने एकांकहरूको बिक्री सधै खुल्ला रहने गरेको छ भने यस योजनामा २०८० पुस मसान्तसम्ममा रू १ अर्ब ४९ करोड २७ लाख रूपैयाँ संकलन भएको छ ।

**(च) राष्ट्र सेवक कर्मचारीको सावधिक जीवन बिमा कार्यक्रम**

निजामती सेवाका कर्मचारीहरू, सामुदायिक विद्यालयका शिक्षक कर्मचारीहरू, नेपाली सेनाका सैनिक कर्मचारीहरू, नेपाल प्रहरीका कर्मचारीहरू, शसस्त्र प्रहरी बल नेपालका कर्मचारीहरू र राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीहरूको पारिश्रमिकबाट सावधिक जीवन बिमा कोषका लागि रकम कट्टा गरी त्यति नै रकम नेपाल सरकारबाट थप गरी दिएको रकमलाई संकलन गरी ती राष्ट्रसेवक कर्मचारीहरूको रू २ लाख (बोनस समेत पाउने गरी) को सावधिक जीवन बिमा राष्ट्रिय बिमा संस्थानबाट गराईएको छ । यस कार्यक्रमका लागि २०७५ साउन १ गते देखि नागरिक लगानी कोष बिमा शुल्कः संकलन भई संकलन गरिएको बिमा शुल्कः आगामी आ.ब.को लागि बिमा हुने राष्ट्रिय बिमा संस्थानलाई बिमा शुल्क वापत बुझाउने गरिन्छ । २०७५ साउन १ भन्दा पहिले संकलन भएको बिमा शुल्क रकममा नियमित प्रतिफल प्रदान गरी अवकाश पश्चात राष्ट्र सेवकहरूलाई एकमुष्ठ फिर्ता भुक्तानी गर्ने व्यवस्था मिलाइएको छ ।

**(छ) नागरिक पेन्सन योजना**

सर्वसाधारण नागरिक तथा वैदेशिक रोजगारमा रहेका ब्यक्तिहरूलाई बचत गर्न प्रोत्साहित गरी कुल राष्ट्रिय बचत वृद्धिमा समेत सहयोग पुऱ्याउने, त्यस्तो बचतलाई देशको आर्थिक विकासमा परिचालन गर्ने र सक्रिय जीवनकालमा जम्मा गरेको रकमबाट बचतकर्ताको जीवनयापनलाई सहजीकरण गर्ने उद्देश्यले 'जवानीमा कमाऔँ जमाऔँ, बुढेशकालमा रमाऔं' भन्ने नारासहित कोषको बचत कार्यक्रमको दायरामा नसमेटिएका नेपाली नागरिकलाई आबद्ध गराई बृहत रूपमा 'नागरिक पेन्सन योजना ' सञ्चालन र व्यवस्थापन गर्न यो कार्यक्रम ल्याइएको हो ।

**सहभागिताः**

यस पेन्सन योजनाअर्न्तगत आय आर्जन गर्ने व्यक्तिहरू, प्रचलित कानुन बमोजिम स्थापना भएका संघ, संस्था एवं प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैर आवासिय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्छन ।

यस कार्यक्रममा सहभागी हुने बचतकर्ताहरूले न्यूनतम मासिक रू. ५००/- देखि अधिकतम आम्दानीको क्षमता अनुसार १० ले भाग जाने संख्यामा रकम जम्मा गर्न सक्ने छन् । बचतकर्ताको आम्दानीको आधारमा मासिक/त्रैमासिक /अर्धवार्षिक/वार्षिक रूपमा रकम जम्मा गर्न सकिने व्यवस्था मिलाइएको छ । यस्तो किस्ता बुझाउँदा मासिक रू.५००/- भन्दा कम नहुने गरी बुझाउनु पर्नेछ ।

मिति २०७७ आश्विनदेखि सुरू गरिएको यो योजना कार्यान्वयनको प्रारम्भिक चरणमा रहेता पनि नेपालका लागि पहिलो कार्यक्रम रहेकोले सर्वसाधारणको आकर्षण व्यापक रहेको छ । यस योजनामा छोटो अवधिमा नै सर्वसाधारण एवं स्वरोजगार व्यक्तिहरूको उल्लेख्य सहभागिता रहेको छ । साथै यस योजनामा सहभागी हुन अनलाइन रजिस्टर्ड सेवा समेत सुरू भैसकेको छ ।

**पेन्सन पाउन योग्य हुने अवस्था :**

पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर साठी वर्ष पुरा भएको हुनुपर्ने छ ।

बचतकर्ताले पेन्सन योजनाबाट सहभागी हुन नचाहेमा १५ वर्षको बचत नगर्दै वा १५ वर्ष पश्चात पनि त्यसको ब्याज र प्रतिफल समेत एकमुष्ठ भूक्तानी लिन सक्ने छन ।

कोषको अन्य योजनामा जम्मा भएको वा सहभागीको पारिश्रमिक वा स्वरोजगारीबाट आर्जित रकम एकमुष्ठ रूपमा तोकिएको न्यूनतम किस्ताले हुने रकम जम्मा गर्ने सहभागीले समेत यस योजनामा सहभागी हुन सक्नेछन् ।

**पेन्सन गणना विधिः**

सहभागीले जम्मा गरेको बचत, त्यसको ब्याज र कोषले यो कार्यक्रममा संकलन भएको

रकम लगानी गरी सञ्चालन खर्च कटाएर प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल रकमलाई १७० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजले जीवनकालभर पेन्सन पाउनेछन् । निजको शेषपछि निजको परिवार र परिवारको पनि शेषपछि निजको हकवालाले बाँकी रकम पेन्सनको रूपमा पाउनेछन् ।

**लगानी अवस्थाः**

पुष मसान्तसम्ममा रू. २ खर्ब ३५ अर्ब ५ करोड लगानी गरेको छ । सोही अवधिमा कोषको खुद कोष मौज्दात रकम २ खर्ब ४० अर्ब ५१ करोड रूपैयाँ रहेको छ । यो अवधिमा कोषले मुद्धति निक्षेपमा रू. १ खर्ब २४ अर्ब ९७ करोड, संगठित संस्थाको सेयर/धितो पत्रमा ३० अर्ब ९४ करोड, सहभागी सापटी तथा आवास कर्जामा रू.५१ अर्ब १७ करोड ८६ लाख र समयकालिन कर्जामा रू. २४ अर्ब ८९ करोड ९० लाख रूपैयाँ लगानी गरेको छ । अन्त्यमा, कोषले नेपाल सरकारले लिएको 'समृद्ध नेपाल, सुखी नेपाली'को नारालाई आत्मसाथ गर्दै बचत परिचालन, पुँजी बजारको विकास र विस्तार एवं स्थायित्व कायम गर्ने गरी आफ्ना कार्यहरू सञ्चालन गरिरहेको छ । रोजगार एवं स्वरोजगारमा रहेका व्यक्तिहरूको सामाजिक सुरक्षामा थप मद्दत पुऱ्याउने उद्देश्य सहित ट्रष्टी संस्थाको रूपमा उत्कृष्ठ सेवा प्रदान गरिरहेको छ ।

## लगानी कोष र सञ्चय कोषबीच सम्झौता



**ना.ल.कोष** । नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषबीच सम्झौता भएको छ । संस्थागत लगानी भएका संघ संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्नेलगायतका सम्बन्धमा सम्झौता भएको हो । सम्झौतामा लगानीका कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्की र सञ्चय कोषका प्रशासक जीतेन्द्र धितालले सम्झौता गर्नुभएको हो । दुवै पक्षको कार्य क्षेत्रमा समानता रहेकोले नेपालको पुँजी बजारमा संस्थागत लगानीकर्ताको हैसियतमा लगानी सम्बन्धी गतिविधि समन्वयात्मक ढंगले अघि बढाउने विषय सम्झौतामा रहेको छ ।

दुवै संस्थाले सेयर लगानी गरेका बैंक तथा वित्तीय संस्थाहरूको सञ्चालक समितिमा प्रतिनिधित्व गर्दा एक आपसमा सहयोग गर्ने, निर्वाचित सञ्चालकले सम्बन्धित बैंक वा वित्तीय संस्थाको वित्तीय विवरण, संस्थागत सुशासन तथा अन्य आवश्यक विषयमा आवश्यकता अनुसार एक अर्कालाई सूचना आदान प्रदान गर्ने, सेयर लगानी, म्यूचयल फण्डमा लगानीलगायतमा समन्वय गर्ने पनि सम्झौतामा उल्लेख छ ।

## कोष कर्मचारीको पदोन्नति

**ना.ल.कोष** । नागरिक लगानी कोषले लामो समयदेखि अवरूद्ध भएको पदपूर्ति प्रक्रियालाई अघि बढाएपछि कोष उच्च व्यवस्थापनदेखिका कर्मचारीको पदोन्नती भएको छ । कोषमा पदोन्ती हुनुहुनेमा नायब निर्देशकबाट निर्देशकमा शोभा श्रेष्ठ (सुवेदी) र हेमन्त पोखरेल रहनुभएको छ । त्यसैगरी उपनिर्देशकबाट नायव निर्देशकमा रोशनजंग कार्की, वरिष्ठ अधिकृतबाट उप निर्देशकमा तारानाथ भट्टराई, अधिकृतबाट वरिष्ठ अधिकृतमा उद्धव सिलवाल, रामेश्वर पुडासैनी र हरिश्चन्द्र श्रेष्ठ रहनुभएको छ । यो सँगै सहायक तह चौथो प्रशासन सेवाबाट वरिष्ठ सहायक पाचौंमा सल्यान के.सी., गोविन्द ढुंगाना र सहायक कम्प्युटर अपरेटरबाट विमलेश यादव वरिष्ठ कम्प्युटर अपरेटर (प्राविधिक) मा बढुवा हुनुभएको छ । कार्यालय सहयोगी विदुर थापा कार्यालय सहयोगी तेस्रोबाट चौथोमा पदोन्नती हुनुभएको छ । त्यसैगरी आन्तरिक प्रतिस्प्रर्धामा अधिकृतबाट वरिष्ठ अधिकृतमा पुरूषोत्तम भट्टराई, व.क.अ. बाट कम्प्युर अधिकृतमा निशान्त श्रेष्ठ, सहायक चौथो तहबाट पाँचौं तहमा सुरेश चालिसे पदोन्नति हुन भएको छ ।

## नागरिक लगानी कोष र सानिगाड हाइड्रोबीच सेयर प्रत्याभूति सम्झौता



**ना.ल.कोष** । नागरिक लगानी कोष र सानिगाड हाइड्रो लिमिटेडबीच सेयर प्रत्याभूति गर्ने सम्बन्धी सम्झौता भएको छ ।

सम्झौतामा कोषको कार्यकारी निर्देशक पर्वत कुमार कार्की र सानिगाडका प्रबन्ध निर्देशक राजेश कुमार श्रेष्ठले हस्ताक्षर गर्नुभएको हो । सानिगाडको प्रति सेयर एक सय रूपैयाँले ८५ लाख ५० हजार कित्ता सेयर बापत ८५ करोड ५० लाख सेयर मूल्य बराबरको प्रत्याभूति कोषले गर्ने छ । सम्झौता भएको मितिले कम्पनीले ६ महिनाभित्र सेयर निष्कासन गरिसक्नु पर्ने छ । ६ महिनाभित्र सेयर निष्कासन नभएमा सम्झौता स्वतः अन्त्य हुनेछ ।

नागरिक लगानी कोषको अनुसन्धान तथा बजार विकास महाशाखाद्वारा प्रकाशित । प्रमुख संरक्षक : पर्वत कुमार कार्की, संरक्षकः शोभा श्रेष्ठ सुवेदी, हेमन्त पोखरेल, नवराज खड्का, रोशन जंग कार्की
सल्लाहकार : नारायण प्रसाद घिमिरे, अमृत बहादुर अधिकारी, सुमन पौडेल, सम्पादन मण्डलः देव नारायण गुरागाँई, सम्पादक : उद्धव सिलवाल
डिजाइन/मुद्रण : इमेज सेटर प्रा. लि.